विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को संक्रमण सम्बन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ अनुसार देहायबमोजिमको आदेश जारी गर्ने । सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने —

१. देहायका सेवा र कार्यहरू हाललाई सञ्चालन नगर्नेः-

(क) शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालीम केन्द्र);

(ख) अनुमतिप्राप्त बाहेकका अन्तर्राष्ट्रिय तथा आन्तरिक उडानहरू;

(ग) तोकिएबाहेकका अन्तर्राष्ट्रिय सीमा नाकाबाट हुने आवतजावत;

(घ) सबै प्रकारका सभा, गोष्ठी, तालीम, सेमिनार;

(ङ) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन;

(च) सिनेमा हल, पार्टी प्यालेस, डान्सबारलगायतका मनोरञ्जन स्थल;

(छ) सार्वजनिक पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना;

(ज) स्पा, सैलुन तथा ब्युटी पार्लर;

(झ) स्विमिङ पुल, जिमखानालगायत हेल्थ क्लब,

(ञ) सपिङ मल,

(ट) समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति,

(ठ) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,

(ड) यात्रुबाहक सार्वजनिक सवारी साधन (पर्यटक सवारी साधनसमेत),

(ढ) काठमाडौं उपत्यकाको हकमा काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने निजी सवारी साधन बाहेक अन्य निजी सवारी साधन।

२. दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्नेलगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रूपमा पालना गर्ने गरी देहायका सेवा र कार्यहरू सञ्चालन गर्नेः-

(क) स्वास्थ्यसँग सम्बन्धित सबै सेवा (निजी क्लिनिकसमेत)

(ख) सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय (उत्पादनदेखि विक्री वितरणसम्मका सबै श्रृङ्खला),

(ग) उद्योग, व्यापार, व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर,

(घ) सबै प्रकारका ढुवानी,

(ङ) पैदल आवागमन,

(च) साइकल र मोटरसाइकल (चालक मात्र रहने गरी),

(छ) काठमाडौं उपत्यकाको हकमा काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सवारी साधन (चालकबाहेक थप २ जनासम्म मात्र सवार हुने),

(ज) फोहरमैला व्यवस्थापन,

(झ) विद्युत, दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रसारण, हुलाकसम्बन्धी सेवा,

(ञ) बैंक तथा वित्तीय संस्था, सहकारी र बीमा सेवा,

(ट) नर्सरी र वनजन्य उद्यम,

(ठ) विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धितसमेत),

(ड) निर्माण कार्य (निजीसमेत)

(ढ) नदी तथा खानीजन्य पदार्थ उत्खनन, सङ्कलन, ढुवानी र बिक्रीवितरण,

(ण) रेष्टुरेण्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा,

(त) क्वारेन्टिनका लागि तोकिएका होटल र यातायातका साधन,

(थ) सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा वित्तीय संस्थाहरू (बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउँसो १ बजेदेखि साँझ ६ बजेसम्म दुई सिफ्टमा सञ्चालन गर्ने)

(द) सार्वजनिक तथा जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सेवाप्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सीटको एक लहरमा एक जना यात्रु मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने)

उपर्युक्त सेवा तथा कार्य सञ्चालन गर्दा सम्बन्धित मन्त्रालयले जनस्वास्थ्य र सुरक्षा मापदण्डका आधारमा आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयहरूको सम्बन्धमा आवश्यक प्रोटोकल जारी गरी लागू गर्नुपर्नेछ। यस आदेशको क्रमसङ्ख्या २ को खण्ड (ञ), (थ) र (द) बमोजिमको व्यवस्था २०७७ असार १ गतेदेखि र अन्य व्यवस्था तत्काल प्रारम्भ भई २१ दिनसम्म कायम रहनेछ। परिस्थितिको समीक्षा एवं संक्रमणको जोखिम विश्लेषणका आधारमा उल्लिखित व्यवस्थामा आवश्यक हेरफेर एवं थपघट गर्न सकिनेछ।

नेपाल सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका आवश्यक सेवामा हड्ताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ :-

१. डाँक, तार वा टेलिफोन सेवा,
२. जल, स्थल वा हवाईमार्गबाट यात्री वा मालसामान ओसार पसार गर्ने यातायात सेवा,
३. हवाई अड्डा वा हवाई जहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा,
४. हवाई ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसार पसार गर्ने वा राख्ने झिक्ने वा थन्क्याउने कामसँग सम्बन्धित सेवा,
५. प्रिन्ट वा सरकारी छापाखाना सम्बन्धी सेवा,
६. हातहतियार खरखजाना वा अरु कुनै सैनिक सर सामानको उत्पादन गर्ने, थक्याउने, वितरण गर्ने कामसँग सम्बन्धीत नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा,
७. सञ्चार सेवा,
८. आन्तरिक सुरक्षा कार्यसँग सम्बन्धित सेवा,
९. खानेपानीको सञ्चालन तथा वितरण सेवा,
१०. पर्यटन आवास, मोटेल, होटेल, रेष्टुराँ र रिसोर्ट सम्बन्धी सेवा,
११. पेट्रोलियम पदार्थ (एल.पि. ग्याँस समेत) को पैठारी, ढुवानी, भण्डारण तथा वितरण सम्बन्धी सेवा,
१२. अस्पताल तथा स्वास्थ केन्द्र सञ्चालन सम्बन्धी सेवा (एम्बुलेन्स सेवा जस्ता सेवाहरु),
१३. औषधि निर्माण तथा बिक्री वितरण सम्बन्धी सेवा,
१४. फोहोरमैलाको संकलन, ढुवानी, प्रशोधन, विसर्जन, स्थान निर्माण, पूर्वाधार निर्माण र संकलन स्थल एवं व्यवस्थापन क्षेत्रसँग सम्बन्धित सेवा,
१५. बैंकिङ्ग सेवा,
१६. बिमा सेवा,
१७. विद्युत सेवा,
१८. दैनिक उपभोग्य वस्तुहरु (खाद्यान्न, दाल चामल, नुन, तेल) को पैठारी, ढुवानी, भण्डारण तथा वितरण सम्बन्धी सेवा,
१९. मौसम पूर्वानमान, बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा।
२०. मास्क,
२१. ह्याण्ड सेनिटाइजर,
२२. भेटेरिनरी सेवा ।

नेपाल-भारत सीमा सम्बन्धी प्रमाण संकलन कार्यका लागि विज्ञ समूहको गठन, कार्यादेश तथा आर्थिक सुविधा

१. विज्ञ समूह:

क) श्री विष्णुराज उप्रेती, कार्यकारी अध्यक्ष, नीति अनुसन्धान प्रतिष्ठान - संयोजक

ख) श्री सूर्य प्रसाद सुवेदी, अन्तर्राष्ट्रिय कानूनविद - सदस्य

ग) श्री रमेश ढुंगेल, इतिहासविद - सदस्य

घ) श्री विपिन अधिकारी, कानूनविद - सदस्य

ङ) श्री जगत भूसाल, जलविज्ञानविद - सदस्य

च) श्री तोयानाथ वराल, पूर्व महानिर्देशक, नापी विभाग - सदस्य

छ) मेजर जनरल (अवकाश प्राप्त) श्री हिमालय थापा - सदस्य

ज) श्री अप्सरा चापागाईं, क्याप्टेनजनरल, महिला प्रतिनिधि - सदस्य

झ) श्री रामप्रसाद सुवेदी सहसचिव, परराष्ट्र मन्त्रालय - सदस्य सचिव

२. कार्यादेश:

क) सार्वजनिक निकाय लगायत विभिन्न संघ/संस्था, व्यक्ति र स्वदेशी तथा विदेशी पुस्तकालय, अभिलेखालय एवं संग्रहालयबाट नेपाल-भारत सीमा सम्बन्धमा सुस्ता क्षेत्र र उत्तर पश्चिम क्षेत्र लिम्पियाधुरा, कुटी, नाबी, गुञ्जी, कालापानी र लिपुलेक क्षेत्रमा नेपालको स्वामित्व स्थापित हुने देहाय बमोजिमका कागजातको सक्कल/ प्रमाणित प्रतिलिपि/ सो नपाएमा प्रतिलिपि प्राप्त गर्ने।

१) नेपाल-भारतबीचका सन्धि, सन्धौता र समझदारी पत्र।

२) तत्कालीन इष्ट इण्डिया कम्पनी, ब्रिटिस सरकार र भारत सरकारसंग भएका पत्राचार।

३) नेपाल-भारत सीमा सम्बन्धी नक्सा (गुरुदेखि हालसम्म संयुक्त रुपमा र दुवै पक्षबाट प्रकाशित समेत)।

४) सरकारी प्रतिवेदन, आदेश, प्रकाशन, सरकारका योजना लगायतका सरकारी दस्तावेज।

५) सरकारी पत्राचार, प्रशासनिक आदेश र अन्य आधिकारिक तथ्य एवं प्रमाण।

६) अदालती फैसला।

७) जग्गाको स्वामित्वको प्रमाण: पत्र एवं राजश्व, मालपोत, भूमिकर, तिरोभरो आदि तिरेका रसिद, भरपाई, पत्र वा आदेश, रुक्का, सनद, सुब्बाल आदि।